बैठक नं. १३
मिति: २०७८/१/१४
समय: १२:०० बजे
स्थान: कैलाश गाउँकार्यपालिकाको कार्यालय, मकवानपुर।

आज मिति २०७८/११/१४ गते बुधबारको दिन वेलुका १:०० बजे कैलाश गाउँपालिकाका अध्यक्ष श्री टंक बहादुर मुक्तान ज्युको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बसि देहाय अनुसारको प्रस्तावहरु माथी छलफल गरी निम्नानुसारको निर्णय पारित गरियो।

<u>उपस्थिति:</u>

| | | |
|---|---|---|
| | श्री टंक बा. मोक्तान | अध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुकुमाया थिङ्ग | उपाध्यक्ष, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री पेमा योन्जन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राजेन्द्र तामाङ घिसिङ | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री देव लाल बल | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री तिलक बा. मोक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री छेकु लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री ठुलो कान्छा लामा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री उदास कु. भोलन | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुर्ज बा. थिङ्ग | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री सुमन लटौला | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री माणिकलाल मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री गोविन्द बि.क. | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री संगिता प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री आशिष प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री लक्ष्मी मुक्तान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री फुल माया सिंतान | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री राम माया प्रजा | सदस्य, कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री रामप्रसाद शर्मा | सदस्य-सचिव,कैलाश गाउँकार्यपालिका मकवानपुर |
| | श्री प्रकाश राई | माइन्युट सहयोगी, कैलाश गा.पा., मकवानपुर |
| | श्री देवेन्द्रवहादुर प्रधान | माइन्युट सहयोगी, कैलाश गा.पा., मकवानपुर |

Scanned with CamScanner

प्रस्तावहरु:

(१) वालमैत्री स्थानीय शासन कार्ययोजना सम्बन्धमा ।
(२) ठेक्कावाट संचालित योजनाहरुको म्याद थप सम्वन्धमा ।
(३) विज्ञान प्रयोगशालाको सामाग्रीको वितरण सम्वन्धमा ।
(४) १० वेड अस्पतालको प्राविधिक प्रस्ताव मुल्यांकन अनुमोदन सम्वन्धमा ।
(५) प्रदेश पूर्वाधार तथा अन्य योजनाहरुको ठेक्कावाट वचत रकम उ.स मार्फत कार्यान्वयन गर्ने सम्वन्धमा ।
(६) आवधिक योजना तर्जुमा कार्यशाला गोष्ठि सम्वन्धमा ।
(७) कोरोना अस्पताल र आइसोलेशन वार्ड संचालन र आवश्यक कर्मचारी व्यवस्था सम्वन्धमा
(८) म.ले.प प्रतिवेदन समिक्षा तथा संपरिक्षण अनुरोध सम्वन्धमा
(९) वडा नं ६ मा निर्माणाधिन लिफट खानेपानी योजनामा वचत भएको रकम रकम उपभोक्ता समितिवाट पुन संचालन सम्वन्धमा
(१०) धानको विउ वितरण सम्वन्धमा ।
(११) वढी रकम सम्वन्धमा
(१२) विविध

निर्णय नं. १

निर्णय नं २

यस गाउँपालिकामा विभिन्न समयमा वोलपत्र आव्हान भएका निर्माण व्यवशायिहरुका निर्माण कार्यको म्याद तपशिल वमोजिम थप गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स | योजनाको नाम | ठेगाना | थप गरिएको मिति |
|---|---|---|---|
| १ | घुमाउने वुकुटी लिक्चे सडक योजना | कैलाश ४ | वैसाख ३० |
| २ | भार्ता छयाङ्गदुग खोलाखर्क सडक योजना | कैलाश ८ र २ | जेष्ठ १५ |
| ३ | मानेभन्ज्याङ्ग दमार अल्छे कप्सेरी पकनी सडक योजना | कैलाश १,२,६,८ | जेष्ठ ३० |

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकामा नेपाल सरकार वाट प्राप्त विशेष अनुदान रकमबाट खरिद गरिएका विज्ञान प्रयोगशालाका सामाग्रीहरुलाइ तपशिलका विद्यालयहरुमा सेटका आधारमा मिति २०७८ साल वैखाख २० वितरण गर्ने गरि प्रत्राचार गर्ने निर्णय गरियो साथै वितरीत सामाग्रीहरुको विद्यालयको जिन्सी खातामा दाखिला गरेको दाखिला प्रतिवेदन अनिवार्य रुपमा माग गर्ने निर्णय गरियो र ढुवानी खर्च गाउँपालिकाको अन्य भाडा शिर्षकबाट उपलब्ध गराउन निर्णय गरियो ।,

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा यस गाउँपालिकावाट मिति २०७७ साल ........ गते १० सैयाको अस्पतालको वोलपत्र आव्हान भएकोमा उक्त समय अवधि भित्र पेश भएका वोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव मुल्यांकनको लागि यस गाउँपालिकाका प्राविधिकहरुवाट कार्य व्यवस्ताका कारण मुल्यांकन गरि प्रतिवेदन दिन असम्भव भएकोले एम . एन . पि इन्जिनियरिङ्ग एण्ड ........ हेटौडावाट मुल्यांकन भइ मुल्यांकन समितिले समेत मुल्यांकन गरि पेश गरेको प्रतिवेदनलाइ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिकामा प्रदेश पूर्वाधार मन्त्रालयवाट प्राप्त रकम र सशर्त योजनाका योजनाहरुलाई विभिन्न समयमा वोलपत्र आव्हान भएको र वोलपत्र आव्हान हुदा वचत भएको रकमलाइ उपभोक्ता समितिवाट कार्यान्वयन गराउने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको आवधिक योजना निर्माणको लागि श्री ..........., सम्झौता भएको र सम्झौता अनुसार आवधिक योजनाका वारेमा सर्वपक्षिय छलफल आयोजना गर्नु पर्ने भएकोले उक्त छलफल कार्यक्रम यहि मिति २०७८ साल वैसाख १७ देखि १९ सम्म सौराहमा आयोजना गर्ने र उक्त कार्यक्रममा कार्यपालिका सदस्य सवै गाउँ सभाका सदस्य सवै विषयगत शाखा प्रमुखहरु सवै र राजनितिक दलका प्रमुख वा प्रदाधिकारीलाई अनिवार्य आमन्त्रण गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा विश्वव्यापि महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस ( कोभिड १९) को प्रभाव गत वर्ष भन्दा यस वर्ष तेजी रुपमा फैलिरहेकोले थप सर्तकता अपनाउनु पर्ने भएकोले गत वर्ष स्थापना भएको **कोरोना अस्पताल पुनः संचालन गर्ने** , आइसोलेशन वार्ड संचालन गर्ने र आवश्यक कर्मचारी व्यवस्था गर्न स्वास्थ्य **शाखालाई जिम्मेवारी तोक्ने** निर्णय गरियो ।

**निर्णय नं ८**

**प्रस्ताव** नं ८ माथि छलफल गर्दा गत आ.व २०७६।२०७७ सालको वार्षिक लेखापरिक्षण महालेखा परिक्षक कार्यालयवाट सम्पन्न भएको र उक्त लेखापरिक्षणवाट प्रतिवेदन समेत प्राप्त भएको प्रतिवेदनमा केही सैदान्तिक , केही असुल उपर गर्नु पर्ने भनि उल्लेख भएकोमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा ३५ दिन भित्र संपरिक्षण गर्ने व्यवस्था भएकोमा संपरिक्षणका लागि महालेखा परिक्षक समक्ष प्रमाण सहित पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं ९**

प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउपालिका वडा नं ६ मा प्रदेश सशर्त अनुदान तर्फको निर्माणाधिन तल्लो पकनी लिप्ट खानेपानी योजना कार्यक्रमको लागि यस कार्यालयवाट वोलपत्र आव्हान भई वचत भएको रकमवाट सोही योजनाको वाकी काम गर्न यस पुर्व गठन भएको खानेपानी उपभोक्ता समितिवाट काम गर्ने निर्णय गरियो ।

**निर्णय नं १०**

प्रस्ताव नं १० माथि छलफल गर्दा यस गाउपालिकामा कृषि विकास शाखावाट ५० प्रतिशत अनुदानमा धानको विउ वितरणको लागि वजेट विनियोजन भएकोमा एकमुष्ट रकम ५००००० पाँच लाख को आर्थिक विकास समिति को निर्णय अनुसारको हाइव्रिड जातको (ग्स३१२ र उपज धानको विउ वितरण नियम अनुसार खरिद गरि समयममै कृषकलाई वितरण गर्ने भनि निर्णय गरियो ।

**निर्णय नं ११**

प्रस्ताव नं ११ माथि छलफल गर्दा यस गाउपालिकाको कृषि विकास शाखावाट ५० प्रतिशत अनुदानमा पाखे धानको वीउ वितरण गर्न रु ४००००० चार लाख वजेट विनियोजन भएकोमा संसोधन गरि १००००० एक लाख वरावरको पाखे धानको विउ ( उन्नत जात) वितरण गर्ने र ३००००० वरावरको कृषकलाई नपुग र माग अनुसारको धानको वीउ (US ३१२ ) रं उपज वितरण गर्ने निर्णय गरियो साथै आर्थिक विकास शाखावाट यस पूर्व भएका सवै निर्णय समर्थन गर्ने निर्णय गरियो ।

**१२ विविध**

क. यस कार्यालयमा तपसिलको संघ सस्था तथा पत्र पत्रिकाहरुबाट सहयोग मांग भई आएकोले तपसिल वमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| सि .नं. | संघ सस्था तथा पत्रिकाको नाम | रकम मांग सम्बन्धी बिवरण | मांग रकम | शिर्षक |
|---|---|---|---|---|
| १ | बागमती मिडिया ग्रुप, हेटौंडा ४ | बन डढेलो सम्बन्धी सुचना प्रशारण | १६,९५० | सूचना संचार |
| २ | बागमती मिडिया ग्रुप, हेटौंडा ४ | व्यक्तिगत घटना दर्ता सम्बन्धी सुचना प्रशारण | १६,९५० | सूचना संचार |
| ३ | स्टार भिजन प्रा. लि., हेटौंडा ४ | कोरोना भाईरस सम्बन्धी जनचेतनामुलक सुचना प्रकाशन | ९००० | सूचना संचार |
| ४ | रेडीयो मनहरी एफ.एम.,मनहरी ७ | घटना दर्ता सम्बन्धी जनचेतनामुलक सन्देश प्रशारण (२०७७ श्रावण देखि फाल्गुण महिना सम्म) | १६,००० | सूचना संचार |
| ५ | नेपाल हृदयरोग निवारण प्रतिष्ठान, मकवानपुर शाखा | घटना दर्ता लगायतको सन्देशमुलक सुचना प्रकाशन | ५००० | सूचना संचार |
| ६ | क्रियसन मिडिया | | १८००० | सूचना संचार |
| ७ | हेडमम्वा मिडिया प्रा.ली | | १४००० | सूचना संचार |

ख. यस कैलाश गाउपालिका वडा नं.३ स्थित हरिदास रिजालको घरमा १ वटा कोठा कर्मचारी आवासको निम्ति २०७७ फागुण १ गते देखि २०७८ आषाढ मसान्त सम्म मासिक रु.२५००/ (कर समेत) का दरले उपलब्ध गराउने गरी कोठा भाडामा लिने निर्णय गरियो ।

Scanned with CamScanner

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमती प्रदेश, नेपाल

ग. यस कार्यालयको नाममा दर्ता कायम रहेको प्र.३.०१.भ.५१३७ नं.को स्कारपियो पिकअप जिप मर्मत गर्दा लागेको खर्च रकम रु.७७५८९ (भ्याट समेत) भुक्तानीको लागि हिडम्बा अटो प्रा.लि., हेटौंडा १ बाट बील पेश भै जिन्सी शाखाबाट मर्मत आदेश समेत भई आएकोले उक्त रकम चालु आ.व.२०७७/७८ को मर्मत शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

ड) यस गाउँपालिकामा रहेका नागरिकहरुको सुरक्षित नागरिक आवास कार्यक्रम कार्यन्वयन कार्यविधि २०७५ वमोजिम रकम प्राप्त भएकोले सवै वडाहरुले कार्यविधि अनुसारको विवरण माग गर्ने निर्णय गरियो ।

(ङ) यस गाउँपालिका अन्तर्गत कृषि शाखामा प्रयाप्त कर्मचारी नभएकोले गाउँपालिकाको विज्ञापन अनुसार वैकल्पीक उम्मेदवार रहेका गंगा घिमिरेलाई दैनिक ज्यालादारीमा ना.प्रा.स पदका कामकाजमा लगाउने निर्णय गरियो ।

च) सुन्दरकाली प्राथमिक विद्यालयलाई तारवार निर्माणको लागि रु दुइ लाख मात्र भैपरी आउने पुजिगत शिर्षकवाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

छ) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ को म्याद २०७७ पौष मसान्त सम्म गर्ने निर्णय भएकोमा २०७८ साल वैसाख मसान्त थप गर्ने निर्णय गरियो ।

ज) गाउँपालिका स्तरिय परिक्षा संचालन गर्नको लागि प्रस्तावित रकम रु ५५००००। रकम आगामी गाउँ सभावाट विनियोजन गर्ने निर्णय गरियो ।

झ ) भर्ता प्रहरी चौकी कालिकाटारको व्याडमिन्टन कोर्टको नपुक रकम रु ३३००० हजार मात्र विविध शिर्षकवाट रकमान्तर गरि भुत्तानी दिने निर्णय गरियो ।

ञ) वडा नं २ र ५ मा विनियोजन भएको आलु क्षेत्र विकास कार्यक्रमको ५००००० पाँच लाख मात्रलाइ वडा नं ५ को हलिते डुडेडाँडा कृषि सडक निर्माण का लागी विनियोजन गर्ने र वडा नं २ र वड नं ५ को तरकारी पकेट क्षेत्र कार्यक्रर्ममा विनियोजित रु ३००००० तीन लाख लाइ र जलेश्रवरी सौचालय निर्माणमा विनियोजन भएको रकम रु २००००० दूइ लाखलाइ गरि जम्मा रु ५००००० पाँच लाखलाइस पकनी खर्क वोल्नेलेख वैकुष्ठ कृषि सडकम मर्मतमा विनियोजन गर्ने र वडा नं २ कै हर्कू डाँडा सिगारु भन्ज्याङ्ग खानेपानी मर्मत योजनाका रकमलाई वैकुन्ठ नेगी टोल धारा निर्माणमा संसोधन गरि काम गर्ने निर्णय गरियो ।

(ट) राष्टिय परिचय पत्र कार्यक्रममा खटिने कर्मचारीहरुले सादा खाना र सादा खाजा वरावरको रकम विविध शिर्षकवाट उपलब्ध गराउने निर्णय गरियो ।

(ठ) यस गाउँपालिका वडा नं ३ र ४ को व्यक्तिगत घटना दर्ताको सम्पुर्ण विवरण गत वर्ष कार्यालयमा भएको आगलागीमा जली नष्ट भएकोमा पंजिकरणमा समस्या आएकोले सम्वधित वडाले सर्जमिन मुचुल्का तयार गरि मुचुल्का आधारमा पंजिकरण सम्वन्धि काम गर्ने निर्णय गरियो ।

ड) अन्य संस्थालाइ सहायत शिर्षक विनियोजन भएको रकम रु ३००००० तीनलाख र अन्य संस्थालाई ससर्त चालु अनुदानलाई कानुन कार्यविधि निर्माण र छपाइ शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

ढ) राष्टपति रनिङ्ग सिल्ड कार्यक्रमको नपुग रकम रु २५०००० लाई अन्य सामाजिक सुरक्षाको रु ३००००० तीनलाखवाट रकमान्तर गर्ने

ण) क्रैलास गाउँपालिका पदपुर्ति समितिको नपुग रकम रु ४००००० लाख लाइ गा.पा को निर्णय अनुसार खर्च गर्ने शिर्षकवाट २१४००० र करार सेवा सुल्क शिर्षकवाट १८६००० हजार लाइ रकमान्तर गर्ने

त) भैपरी चालु शिर्षकमा रहेको रु १५००००० पन्ध्र लाखवाट व्याक हो लोडर चालक र सहचालकको प्रोत्साहन भत्तामा रु ५००००० र व्याक हो लोडर संचालन र मर्मत शिर्षकमा १०००००० दश लाख रकमान्तर गर्ने निर्णय गरियो ।

थ) जेष्ठ नागरिक स्वास्थ्य शिविर संचालन शिर्षकमा विनियोजन भएको रु २००००० लाई मर्मत शिर्षकमा रकमान्तर गर्ने ।

द) गाउँपालिकाका पूर्वाधारहरुको जिपिएसमा अद्यावधिक गर्न गाउपालिकाका प्राविधिकहरुलाई परिचालन गर्ने ।

ध) गाउँपालिकाको १० सैया अस्पताल र आधारभुत स्वास्थय चौकीहरुको डिपिआरको सम्झौता वमोजिमको रकम आन्तरिक आम्दानीमा वचत भएको रकमवाट भुत्तानी गर्ने ।

प) वर्खे घाँस शिर्षकमा विनियोजन भएको रकम १००००० एकलाख मध्येवाट रु १५००० पन्ध्रहजार मात्र कृत्रिम गर्भधान शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

फ) वडा नं ९ को गदुवा धाप सिंचाइ योजनालाई वडा नं ९ कै टिमुरे खानेपानी पाइप खरिद योजनामा रकमान्तर गर्ने ।

व) कैलाश ३ मा रहेको चेपाङ्ग भवनलाई वहुवर्षिय ठेक्का गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
बागमति प्रदेश, नेपाल

झ) कैलाश गाउँपालिका वडा नं ३ र ४ मा निर्माण हुने सामुहिक सिप गलैचा भवनका लागि विनियोजन भएको रकम रु ११०००० एघार लाखलाई वडा नं ४ मा ज्यान्दुङ्ग सडकमा रु ४००००० चार लाख वडा नं ३ मा सुडे वेठीखोरिया सडकमा रु ५००००० पाच लाख र गिम्ती गैरीगाउँ कृषि सडकमा २००००० दूइ लाख विनियोजन गर्ने

Scanned with CamScanner